# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८०।०२।२३ गते।

# प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दा।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये सरकारी जग्गा व्यक्ति विशेषको नाममा कायम गरी भ्रष्टाचार गरेको सम्बन्धी मुद्दामा आयोगको निर्णय अनुसार मिति २०८०।०२।२३ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ ।

प्रवक्ता<br>
भोला दाहाल

**देहायः**

| सि.नं | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु विष्णु कुमार राई, शम्भु प्रसाद शर्मा र अरुण कुमार रञ्जीतकार को मु.नं (०७६-CR-०२१३ फैसला मिति २०७९।१० ।२४ | सरकारी जग्गा व्यक्ति विशेषको नाममा कायम गरी गराई भ्रष्टाचार गरेको। | प्र. शंभू प्रसाद शर्मा भन्ने शम्भु प्रसाद शर्मा र विष्णु कुमार राईले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) तथा दफा ८(१) को खण्ड (ज) वमोजिमको कसुरमा जम्मा विगो रु. ४,१२,६३७/- कायम गरी साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) र ऐ.को दफा २९(२) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) वमोजिम सजाय गरी हानि नोक्सानी गरेको विगो रु. ४,१२,६३७/- साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ग. तथा दफा २९(१) र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) वमोजिम असुल उपर/जफत गरी नेपाल सरकारको नाममा कायम गरी पाउँ भनी मागदावी लिइएको।<br>प्र. अरुण कुमार रञ्जीतकारलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ र हालको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) को कसुरमा रु. ४,१२,६३७/- कायम गरी साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ र ऐ.को दफा २९(२) तथा हालको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) वमोजिम सजाय गरी हानी नोक्सानी गरेको विगो रु. ४,१२,६३७/- साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ग र २९(१) एवं हालको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) वमोजिम असुल उपर/जफत गरी नेपाल सरकारको नाममा कायम गरी पाउन समेतको मागदावी लिई विशेष अदालत समक्ष आरोपपत्र दायर | फैसलाः प्रतिवादीहरुलाई सफाई ।<br>विशेष अदालतले सफाई दिदा लिएका आधारः<br>•उजुरीकर्ताको उजुरीका सम्बन्धमा मालपोत कार्यालयबाट मिति २०५२/१०/२४ मा भएको निर्णय अन्यथा भन्न नसकिने हुँदा छानविन गर्न नपर्ने देखिएकोले प्रस्तुत उजुरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ वमोजिम तामेलीमा राख्ने ठहऱ्याई अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट भएको निर्णय वस्तुगत आधार र प्रमाणमा सारभुत रुपमा भिन्नता आएको नदेखिएको अवस्था समेतका आधारमा आरोप दावी पुग्न सक्ने नदेखिएको।<br>•मालपोत कार्यालय, डिल्लीबजारमा व्यक्ति विशेषले गरेको सरकारी जग्गा दर्ता वदर गरी पाउँ भनी दिएको निवेदनमा मालपोत कार्यालय डिल्लीबजारले तामेलीमा राखेको उपर निज उजुरकर्ता कानूनी उपचारमा गएको नदेखिएको।<br>• प्रतिवादीले मिति ०५२/१०/२४ मा श्रेस्ता अधावधिक गरेको निर्णय अन्यथा नभई सदर कायम रहेको अवस्थामा देवानी प्रकृतिको विषयको सम्बन्धमा यस अदालतबाट निर्णय हुन सक्ने अवस्था नदेखिएको। | •अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परि सो सम्बन्धमा आयोगको निर्णयबाट उजुरी तामेलीमा राख्ने निर्णय भए तापनि सोही विषयमा उजुरीकर्ताबाट नाप नक्साको स्केच सहित पुनः उजुरी परी नापी कार्यालय डिल्लीबजारमा पत्राचार हुँदा ३११.०० वर्गमिटर क्षेत्रफल साविक नापीको सरकारी बाटो व्यक्तिको जग्गामा घुसाई हालसाविक दर्ता एवं अधावधिक बढ कायम भएको भनी साविक र ओभरल्याप हुने हालको नक्साबाट देखिएको। उक्त तामेलीमा राख्ने निर्णय भएकोमा यस आयोगको मिति २०७५/१/२ गतेको निर्णयबाट नक्सा सहितको थप कागज प्रमाण सहित उक्त उजुरी दर्ता भई तामेलीको सो उजुरी जगाई उजुरी एकिकृत गर्ने निर्णय भए अनुसार अनुसन्धान भई प्रस्तुत मुद्धा दायर भएको हो। काठमाण्डौ जिल्ला साविक नगर २क कि.नं. २३७ को जग्गा अरुण कुमार रन्जितकारले मिति २०३०/१/२५ को पारित राजिनामाबाट खरिद गरी लिएकोमा नयाँ नापीका वखत साविक नापीको उक्त कि.नं. २३७ को जग्गा भिडाई हाल नगर-१२, कि.नं. १ को क्षेत्रफल ०-७-३-२ र सिट नं. १०२-११४४-०७ कि.नं. ७८ क्षे.फ. ०-११-१-१ गरी जम्मा क्षेत्रफल १-३-०-३ कायम गराई ३ नं. नापी गोश्वरा काठमाण्डौबाट मिति २०४७/२/२७ मा हालसाविक दर्ता गर्ने निर्णय भई निजको नाममा जग्गाधनी दर्ता श्रेस्ता कायम भएको देखिएको। नापी गोश्वाराबाट उल्लेखित जग्गाको हाल साविक दर्ता गर्दा जग्गा नाँपजाँच ऐन, २०१९(छैठौं संसोधन) को दफा ७ को उपदफा (३) विपरित हुने गरी व्यक्ति विशेषको उल्लेखित जग्गामा सरकारी बाटोको ३११.०० वर्गमिटर क्षेत्रफल जग्गा घुसाई मालपोत कार्यालय, डिल्लीबजारबाट जग्गाधनी निवेदकको माग वमोजिम उक्त जग्गाको अधावधिक बढ कायम गर्ने निर्णय भएको देखिएको। सार्वजनिक बाटोको जग्गा बदनियत रुपले व्यक्तिको जग्गामा घुसाई जग्गा बढ कायम हुने गरी भएको उक्त निर्णय अनियमित भएको हुँदा उक्त कार्यसँग सम्बन्धित उजुरीलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पहिले नै दुई पटक तामेलीमा दर्ता राखेको भन्ने समेत आधार लिई प्रतिवादीलाई आरोपदावीबाट सफाई दिने गरी भएको फैसला त्रुटीपूर्ण रहेको। भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३५ को प्रतिवन्धात्मक वाक्यांशबाट समेत पहिला तामेलीमा रहेको विषयमा पछि नयाँ प्रमाण फेला परेमा अनुसन्धान तहकिकात गर्न सकिने भन्ने स्पष्ट व्यवस्था रहेको सो कानूनी व्यवस्था विपरितका आधारहरु लिई प्रतिवादीहरुलाई सफाई दिएको फैसला त्रुटीपूर्ण रहेको।<br>•सरकारी सम्पत्ति हानिनोक्सानी भएको प्रस्तुत मुद्धामा उजुरीकर्ताले मालपोत कार्यालयमा दिएको उजुरी तामेलीमा राखेको उपर कानूनी उपचारमा गएको नदेखिएको भन्ने आधारमा प्रस्तुत भ्रष्टाचार कसुरमा प्रतिवादीहरुले कसुरबाट उन्मुक्ति पाउने आधार बन्न सक्दैन। सरकारी सम्पत्ति व्यक्तिको नाममा घुसाउने, दर्ता गर्ने कार्यमा एक त हदम्याद नहुने र सरकारी र सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने दायित्व मूलतः सरकारी निकायहरुलाई गरेको Doctrine of Parents Patria अन्तरगत राज्यले प्रकृतिक श्रोत साधनहरुको संरक्षणको जिम्मेवारी लिनु पर्ने (ने.का.प. २०६६ अंक १२ नि.नं. ८२८०) सिद्धान्तको विपरित उजुरकर्ताले मालपोत कार्यालयमा दिएको उजुरी तामेलिमा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | गरिएकोमा उक्त अदालतबाट प्रतिवादीहरु विष्णु कुमार राई, शम्भु प्रसाद राई र अरुण कुमार रंजितकारलाई आरोपित कसुरबाट सफाई पाउने ठहर गरी फैसला भएको। | | राखेको उपर कानूनी उपचारको गएको नदेखिएको भन्ने आधारमा प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला त्रुटीपूर्ण रहेको। हदम्याद र हकदैया थिएन भन्ने अभिप्रायले उक्त आधार लिएको भन्ने मान्ने हो भने पनि अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १३(२) को प्रतिबन्धात्मक वाक्यांशमा सरकारी वा सार्वजनिक सम्पत्तिको हिनामिना गरी भ्रष्टाचार गरेकोमा कुनै हदम्याद नलाग्ने व्यवस्था गरिएबाट समेत उक्त फैसला त्रुटीपूर्ण रहेको।<br>• उजुरीकर्ताको उजुरीका सम्बन्धमा मालपोत कार्यालयबाट मिति २०५२/१०/२४ मा भएको निर्णय अन्यथा भन्न नसकिने हुँदा छानविन गर्न नपर्ने देखिएकोले प्रस्तुत उजुरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम तामेलीमा राख्ने ठहऱ्याई अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट निर्णय भएकोमा पछि नक्सा सहितको थप कागजात सहित उजुरी परी आयोगको मिति २०७५/१/१२ को निर्णयानुसार उक्त तामेली उजुरी जगाई थप प्रमाण पेश हुन आएबाट अनुसन्धान भई मुद्धा दायर भएको। भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ को प्रतिवन्धात्मक वाक्याँशबाट समेत पहिला तामेलीमा रहेको विषयमा पछि नयाँ प्रमाण फेला परेमा अनुसन्धान तहकिकात गर्न सकिने स्पष्ट विद्यमान कानूनी व्यवस्थाको विपरित हुने गरी उल्लेखित आधार लिई प्रतिवादीहरुलाई कसुरबाट उन्मुक्ति दिने गरी भएको फैसला त्रुटीपूर्ण रहेको।<br>• अनुसन्धानको क्रममा नापी कार्यालय, डिल्लीबजारको पत्र तथा साविक र हालको नक्सा ओभरल्याप समेतबाट नयाँ नापीमा बढ कायम भएको उक्त कि.नं. १ र ७८ मा साविक नापीमा कायम भएको सार्वजनिक बाटोको जग्गा घुसाई श्रेस्ता अधावधिक गर्दा हालको कि.नं. ७८ मध्ये ११८.०० वर्गमिटर र कि.नं. १ मध्ये १९३.०० वर्गमिटर गरी जम्मा ३११.०० वर्गमिटर क्षेत्रफल साविक नापीको सरकारी बाटो व्यक्तिको जग्गामा घुसाई हाल साविक दर्ता एवं अध्यावधिक बढ कायम भएको। प्रतिवादीहरुले बदनियत राखी सार्वजनिक जग्गालाई व्यक्तिको नाममा कायम गरी भ्रष्टाचार गरेको तथ्यलाई उल्लेखित प्रचुर प्रमाणले पुष्टी गरिरहेको अवस्थामा केवल प्रतिवादीहरुलाई कसुरबाट उन्मुक्ति दिने अभिप्रायबाट प्रेरित भई प्रस्तुत विषयलाई देवानी प्रकृतिको विषय मानी विशेष अदालतबाट प्रतिवादीहरुलाई आरोपित दावीबाट सफाई दिने गरी भएको फैसला भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५९(क), दफा ५९(ङ) अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३५घ बमोजिम प्रतिकूल देखिदा त्रुटीपूर्ण रहेको। |